२०८० सालको ऐन नं. ३

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ | संख्याः ३ | मितिः२०८०।०९।२१

## भाग- २

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

### हेटौंडा उपमहानगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन,२०७५ को पहिलो संशोधन ऐन, २०८०

**<u>प्रस्तावनाः</u>**

हेटौंडा उपमहानगरपालिका विपद् जिखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर सभाले यो ऐन संशोधन गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधन ऐनको नाम "हेटौंडा उपमहानगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन,२०७५ को पहिलो संशोधन ऐन, २०८०" रहेको छ ।

हेटौंडा राजपत्र

२. **परिच्छेद-२, दफा ३ को उपदफा (२) मा थपः** परिच्छेद-२, दफा ३ को उपदफा (२) मा व्यवस्था भएको नगर विपद् व्यवस्थापन समितिमा तपसिल बमोजिमको सदस्य थप गरी नगर विपद् व्यवस्थापन समिति गठन गर्नुपर्नेः

**तपसिल**

(क)महिला तथा बालबालिका सामाजिक समावेसिकरण महाशाखा प्रमुख-सदस्य

(ख) शिक्षा विकास महाशाखा प्रमुख-सदस्य

(ग)कानुन शाखा प्रमुख-सदस्य

(घ) जनस्वास्थ शाखा प्रमुख-सदस्य

(ङ)नगरस्तरिय बाल समूह संजाल (२ जनाः १ बालक, १ बालिका)-सदस्य

३. **परिच्छेद-३, दफा ६ को उपदफा (२) मा थपः** परिच्छेद-३, दफा ६ को उपदफा (२) मा व्यवस्था भएको वडा स्तरीय विपद् व्यवस्थापन समितिमा तपसिल बमोजिमको सदस्य थप गरी वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्नेः

**तपसिल**

(क) वडा स्तरिय बाल समूह संजाल(२ जनाः १ बालक, १ बालिका)-सदस्य

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**